दर्ता नं. : ३०/०५२/०५३
पान नं. : ३०३८३६९२२

"समुदायमा आधारित दिगो, भरपर्दो, सक्षम तथा सदस्यहरुको सम्पूर्ण वित्तीय आवश्यकता पूरा गर्ने उत्कृष्ट सहकारी"

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

## इलाम नगरपालिका-७, इलाम




# सत्रौं वार्षिक साधारण सभामा प्रस्तुत

# वार्षिक प्रगति, नीति कार्यक्रम र वित्तीय प्रतिवेदन

## २१ मंसिर २०७६

## सत्रौं बार्षिक साधारण सभामा संस्थाका अध्यक्षबाट प्रस्तुत बार्षिक प्रगती, नीति तथा कार्यक्रम २०७६

*"समुदायमा आधारित दिगो,भरपर्दो,सक्षम तथा सदस्यहरुको सम्पुर्ण वित्तिय आवश्यकत्ता पुरा गर्ने उत्कृष्ट सहकारी "*

सहकारी संस्थाका मान्यवर सेयर सदस्य तथा संचालक समितिका पदाधिकारी सदस्य, लेखा सुपरिवेक्षण संयोजक, सदस्यज्यूहरु र आमन्त्रित व्यक्तित्व तथा पुरस्कृत सेयर सदस्य महानुभावहरु साथै संस्थालाई जिवन्त राख्न सधै तन,मन र धनले सहयोग पुर्‍याउनु हने व्यक्तित्व प्रति आभार तथा कृतज्ञता प्रकट गर्दै कार्यक्रममा हार्दिक स्वागत् गर्न चाहन्छु ।

नेपालको इतिहासमा २०१३ सालमा सारदा गाउंमा वखान सहकारीको नामबाट चितवनमा स्थापना भएर सहकारीको शुरुवात भएको पाइए पनि नेपालको प्रजातान्त्रिक आन्दोलन पछि २०४८ सालमा सहकारी ऐन नेपाल सरकारबाट लागू गरे पश्चात नेपालमा व्यवस्थित रुपमा सहकारी संचालन भएको पाइएको छ । यसै ऐन अनुसार २०५२ भाद्र ३ गते तत्कालिन सुनगाभा क्लवको अगुवाईमा भेला गराई नगर क्षेत्रमा बसोबास गर्ने आम जनसमुदायमा छरिएर रहेको पूँजींलाई एकीकृत गरि सदस्यको आर्थिक,सामाजिक,र सास्कृतिक विकास गर्ने उद्धेश्यले २०५२ साल पौष १८ गते बिधिवत रुपमा दर्ता गरि २४ औं बसन्त पार गरि सहकारीको मुल्य मान्यता र सिद्धान्तका आधारमा इलाम जिल्लामा परिचित सहकारीको रुपमा संचालन भइ रहेको व्यहोरा सर्वविदितै छ । साथै सहकारीलाई जिवन्त राख्दै सेयर सदस्यको बृहत्तर हित हुने कार्यलाई सर्वोपरी राखी साधारण सभामा प्रस्तुत निती तथा कार्यक्रम पारित भए पश्चात कार्य योजना अनुरुप संचालन भै रहेको व्यहोरा सम्मानित सभामा जानकारी गराउदछु । साथै हाल सम्म यस लोकबाट परमधाम गमन हुनु भएका यस सहकारी संस्थाका सेयर सदस्य तथा सहयोग पुर्‍याउनु हुने महानुभावहरु प्रति भावपुर्ण हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु ।

### संस्थाको संस्थागत जनशक्ति विवरण

**संस्थामा रहेको सदस्यता संख्या : ९९८ जना**

- महिला : ५३२ जना
- पुरुष : ४६५ जना
- बाल बचत १५७ जना
- जेष्ठ नागरिक बचत १५ जना
- संस्था : १ बटा
- संचालक समिति : ११ जना
- लेखा सुपरिबेक्षण समिति : ३ जना

- धितो मुल्याङ्कन उप समिति : ३ जना
- ऋण स्वीकृत उप समिति : ३ जना
- शिक्षा उप समिति : ३ जना
- महिला उद्यमशिलता बिकास उप समिति : ३ जना

**संस्थाको आर्थिक बिवरण**

- शेयर पुजी : ११४९८३००।
- जगेडा कोष : १००२३१८।४८
- अन्य कोषहरु : ३५३२८१९।१६
- निक्षेप : ३८६७८६६०।८९

**आदरणीय उपस्थित शेयर सदस्य महानुभावहरु ,**

यस सुनगाभा बचत तथा ऋण सहकारी संस्थाको मुल उद्धेश्य नै बचत तथा ऋणको कारोवार गर्ने भए पनि विविध राहात तथा सामाजिक सेवाका कार्य लगायत व्यावसायिकतालाई जोड दिइ समय सापेक्ष सहकारी संचालन गर्न यसै वर्ष संस्थाको चार वर्षे रणनितीक योजना तयार गरी सोही अनुसार आगामी बर्षको निति तथा कार्यक्रम तयार गरिएको व्यहोरा सम्मानित सभालाई जानकारी गराउदै गत वर्ष संस्थाले संचालन गरेका कार्य तथा उपलव्धी जानकारी गराउंदछु ।

**संस्थाले आ.व. २०७५/२०७६ मा संचालित कार्यक्रम तथा प्रगतिहरु**

१, कार्य योजना अनुसारका सबै कार्यक्रमहरु सम्पन्न भएका छन् ।

२, संस्थाको विनियम वमोजिम दशांस सेयर खरिद कार्यलाई कडाइका साथ कार्यान्वयन गरिएकोछ ।

३, संस्थाले ऋण लगानी गर्दा ऋण नितीमा, व्यवस्था भए अनुसार कडाईका साथ धितो जमानीलाई प्राथमिकतामा राखी ऋण सुरक्षण गरी लगानी गरिएकोछ ।

४, संस्थाको शेयर सदस्यता र बाल बचत बृद्धि गरि संस्थाको शेयर, बचत तथा कोषहरुमा रकम बृद्धि गरि संस्थालाई आर्थिक सवलीकरण तर्फ उन्मुख गराइएको छ ।

५, संस्थामा कार्यरत कर्मचारीहरुको बृत्ति बिकासको लागि संस्थाको आयलाई मध्यनजर गरि पारिश्रमिक तथा सेवा सुविधा थप गर्दै लगिएको छ ।

६, संस्थाले नेपाल सरकारको ऐन, नियम तथा संस्थाको निति नियम, विनियम, निर्देशिका र संचालक समितिको निर्णय अनुसार कार्यान्वयन गरिएकोछ ।

७, प्रवेशिका परिक्षामा सर्वोत्कृष्ट अंक ल्याउने शेयर सदस्यका निजी विधालयमा अध्ययनरत छात्र श्री निरोज भण्डारी रु ५,०००। र छात्रा श्री दिया थापा रु ५०००। नगद तथा सम्मान पत्र सहित पुरस्कृत गरियो ।

८, महिला उधमशिलताको लागि सहुलियत ब्याज दर बार्षिक १२ प्रतिशतमा ११ जना महिला उधमी शेयर सदस्यलाई जनही रु ३००००। का दरले ऋण लगानी गरि व्यावसायिकता तर्फ उन्मुख गरिएकोछ ।

९, संचालक समितिको वैठक नियमित मासिक रुपमा बसी आवश्यकता अनुसारका निर्णयहरु गरिएको ।

१०, अवलोकन भ्रमणको उपलब्धीबाट संस्था सुधारका कार्य योजना तथा चार वर्षे रणनितीक योजना तयार गरिएकोछ ।

११, संस्थाको निति नियम,निर्देशिका बमोजिम संस्थाका उत्कृष्ठ शेयर खरिद कर्ता १ जना, उत्कृष्ठ बचत कर्ता जना, १जना , असल ऋणी सदस्य १ जना र कम उमेरको नियमित बाल बचत सदस्य १ जना र कर्मचारी १ जनालाई सम्मान तथा पुरस्कृत गरिएकोछ ।

१२, संस्थाले अतिरिक्त सेवा संचालन मार्फत प्रभु मनि ट्रान्सफर , वेर्स्टन मनि ट्रान्सफर र आई.एम.ई संग सम्झौता गरि मनि ट्रान्सफर लगायत मोवाइल,टेलिफोन,डिक्स होमको रिचार्ज कार्य शुरु गरी सदस्यहरुलाई थपसेवा दिदै आएको छ । साथै सुरक्षित ऋण लगानीमा स्वेच्छिक ऋण विमाको कार्यक्रम संचालन गरि संस्थाको सेवालाई बिबिधीकरण गर्दै लगिएको छ ।

१३, सदस्यहरुको बृत्ति बिकासको लागि सदस्यहरु संगको छलफल तथा भेला गरिएको साथै संस्थामा सुझाव पेटीका र संस्थागत बडापत्र राखिएको छ ।

१४, शेयर सदस्यहरुको शेयर,बचत/निक्षेपमा विनियम तथा निर्देशिकामा व्यवस्था भए अनुसारको ब्याज तथा लाभांशको प्रदान गरिएकोछ ।

१५, साधारण सभामा उपस्थित सदस्यहरुलाई खाना तथा परिवहन खर्च वापत रु ५००। को नियमानुसार कर कट्टी गरेर बाकी हुन आउने रकम नगद नै उपलब्ध गराइएको छ ।

१६, ऋण असुली कार्यलाई पहिलो प्राथमिकतामा राखि घर दैलो तथा टेलिफोन मार्फत ताकेता गरिएकोछ ।

१७, महिला सेयर सदस्यहरुलाई सुत्केरी पोषण वापत जनही रु.१८००। र नवजात शिशुको वाल बचतको लागि रु २००। उपलब्ध गराउने नीती अनुसार यस बर्ष सात जना क्रमश : पबित्रा शेर्पा,मन्जु लुईटेल,मनिसा लम्साल,सुमित्रा आचार्य,टंकमाया भुजेल,उमा सुबेदी र कबितादेबी दुलाललाई सेवा उपलब्ध गराईएको छ ।

१८, संस्थाका ६ जना बृद्ध सदस्यहरुलाई बार्षिक साधारण सभाको अवसरमा सम्मान स्वरुप थर्मस वितरण गरिएको छ ।

१९, संस्थाको चार वर्षे रणनितीक योजना तयार गरी सकिएको छ सोही निती अनुसारका कार्यक्रम तयार गरी यस आ.ब.देखि संचालन गरिएकोछ ।

**आदरणीय उपस्थित शेयर सदस्य महानुभावहरु,**

हाम्रो सहकारीको मुल उद्धेश्य बचत तथा ऋण परिचालन गर्ने भएकोले य मुख्य कार्य नै बचत संकलन गरि ऋण लगानी तथा असुलीबाट मुनाफा गा सेयर सदस्यको हितमा हुने कार्य गर्नु नै हो । यसका लागि संस्थाले विगत दे भोगेका समस्या तथा चुनौती निम्न अनुसार भएको व्यहोरा सम्मानित सभा प्रस्तुत गर्दछु ।

**सहकारी संस्थाका चुनौतीहरु**

(१) सेयर सदस्य उल्लेख्य रुपमा बृद्धि हुन नसक्नु ।
(२) ऋणको भाखामा किस्ता तथा ऋण असुल हुन नसक्नु ।
(३) बचत/निक्षेप फिर्ता तोकिए भन्दा बढी माग गर्नु ।
(४) सेयर सदस्यलाई ऋण लिनु र बचत/निक्षेप फिर्ता लिनु अधिकार हो लाग्नु ।
(५) महिला उधमीशिलताको ऋण परिचालन तोकिए अनुसार नहुनु ।
(६) सहकारी सहकारी विचको अस्वस्थ प्रतिस्पर्दा र प्राइवेट बैंकहरुको बाहु बढ्नु ।
(७) सबै शेयर सदस्यहरुमा सहकारी शिक्षाको कमी ।
(८) संस्थाको कारोवार अनुसारको पूंजी बृद्धी हुन नसक्नु ।

**सहकारी संस्थाका अवशरहरु**

(१) जिल्लामा प्रतिष्ठीत सहकारीका रुपमा पहिचान हुनु ।
(२) सदस्यको मागलाई सम्वोधन गर्दै निति नियमको परिधीमा रही कार्य ग
(३) सेयर सदस्यहरु सहकारी प्रति आकर्षक हुनु ।
(४) सहकारीको कार्य क्षेत्र विस्तार हुनु ।
(५) सहकारीले विविध १४ प्रकारका वचत र ऋणका ८ प्रकारका योजन संचालन गर्नु ।
(६) सहकारीमा विभिन्न कोषहरुको व्यवस्था भएको ।
(७) विविध प्रकारका बचत योजनामा ब्याज दर राम्रो हुनु ।
(८) शेयर सदस्यहरुलाई सामाजिक सेवा, राहात,सम्मान,पुरस्कारको व्यवस्था हुनु
(९) विभिन्न संघ संस्था ,सहकारी, स्थानीय तह संगको सहकार्यमा कार्यक्रम संचालन तथा समन्वय गर्नु ।

**सहकारी संस्थाका उपलव्धीहरु**

(१) विभिन्न तालिम तथा गोष्टीमा सहभागी भै समसामायिक विषयमा जानकारी भएको ।
(२) संस्थाको चार वर्षे रणनितीक योजना तयार गरी कार्यन्वयनको चरणमा रहेको ।
(३) भाखा नाघेको ऋण कम हुनु ।

(४) अवलोकन भ्रमण पश्चात तयार गरिएको चार वर्षे रणनितीक योजना अनुसार शेयर सदस्य बृद्धिमा सुधार भएको ।
(५) बचतको तुलनामा शेयर पूंजी प्रयाप्त हुनु ।
(६) संस्थामा आधुनिक प्रविधी मैत्री हुँदै जानु ।
(७) शेयर सदस्य,संचालक समिती र कर्मचारी विच समन्वय सम्वन्ध राम्रो हुनु ।
(८) घर जग्गा कोष मजवुद गरिदै लगिनु ।
(९) सहकारीका विभिन्न कोषहरु मजवुद हुँदै पूंजी कोष बृद्धि हुँदै जानु ।
(१०) सहकारीको अधिकाशं सेयर सदस्य व्यावसाय तर्फ उन्मुख हुनु ।
(११) सेयर सदस्यहरुलाई बृहत्तर हितका कार्यहरु संचालन गर्नु ।

**सहकारी संस्थाले आगामी आ.व. २०७६/२०७७ मा संचालन गर्ने निति तथा कार्यक्रम**

**आदरणीय उपस्थित शेयर सदस्य महानुभावहरु,**

यस सुनगाभा सहकारीको मुल नारा नै **"नियमित बचत गर्ने बानी बसालौं"** भन्ने भएकोले यस संस्थाको चुनौतीलाई मध्यनजर राख्दै यस संस्थाको अवसर तथा सेवा सुविधालाई भरपुर उपभोग गरि संस्था जिवन्त राख्न विविध किसिमका बचत योजनालाई नै पहिलो प्राथमिकतामा राखि सबै सेयर सदस्यहरुमा सेयर सदस्यता बृद्धि र पूंजी बृद्धिमा जोड दिन आग्रह गर्दै सम्मानित सभा समक्ष आगामी बर्षको निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

(१) संस्थाले विविध प्रकारका बचत तथा निक्षेपमा "बचत तथा ऋण निर्देशिका २०६१" मा व्यवस्था भए वमोजिम दैनिक बचतमा ७ प्रतिशत, मासिक बचतमा ९ प्रतिशत र बाल बचतमा ५ बर्ष सम्म उमेर समुहकालाई १२ प्रतिशत, ५ देखि १० वर्ष उमेर समुहकालाई ११ प्रतिशत र १० बर्ष देखि १८ वर्ष उमेर समुहकालाई १० प्रतिशत र आवाधिक बचत एक, दुई, तीन वर्षमा क्रमस १०,१०.५,११ प्रतिशत वार्षिक व्याज दिने व्यवस्था गरिएको छ ।
(२) संस्थाले शेयर सदस्यको हित र सहकारी नीति नियम अनुसार बचत र लगानीको व्याज दरमा अधिकतम ५.५ प्रतिशतको फरकमा ऋण लगानी गर्ने नीति अवलम्वन गरेअनुसार बार्षिक १४ र १५ प्रतिशत र महिला उद्यमशिलता कार्यक्रममा सहभागी महिला शेयर सदस्यहरुलाई १२ प्रतिशत व्याजदरमा ऋण लगानी गर्ने व्यवस्थालाई यथावत राखिएकोछ ।
(३) साधारण सभामा उपस्थित सदस्यहरुलाई परिवहन तथा खाजा बापत रु ५००। मा नियमानुसार लाग्ने कर कट्टी गरी नगद भुक्तानी गरिनेछ भने नियमित बालबचत गर्ने बाल बचत सदस्यलाई रु ३००। नगदै वा निजको खातामा जम्मा गरि भुक्तानी गरिने व्यवस्थालाई यथावत राखिएको छ ।
(४) संस्थाका शेयर सदस्यहरुको मृत्यु भएमा काज क्रिया वापत एकमुष्ठ रु २०,०००। सेयर सदस्यका परिवारलाई राहात स्वरुप उपलब्ध गराइने व्यवस्थालाई यथावत राखिएको छ । सो कोष स्थापनाका लागि सेयर

सदस्यहरुबाट बार्षिक रु १००। सदस्य राहत कोषमा जम्मा ग
व्यवस्थालाई समेत यथावत राखिएको छ

(५) संस्थाको स्थायी सम्पत्ती घर जग्गा खरिद र ऋण जोखिमलाई न्यूनीकरण ग घर जग्गा खरिद कोष तथा, ऋण जोखिम कोषलाई मजबुद गर्दै लगिनेछ।

(६) ऋण लगानी तथा असुली प्रकृयालाई चुस्त दुरुस्त राख्न निर्देशिका व्यवस्था भए अनुसार कडाइका साथ पालना गरि ऋण लगानी सुरक्षित भरपर्दो बनाई असुलीको लागी कडाइका साथ घर दैलो,पत्रचार त टेलिफोन जस्ता माध्यम अपनाइने छ।

(७) शेयर सदस्यहरुको क्षमता अभिबृद्धि गर्न शेयर सदस्यहरुको माग बमोजि तोकिए अनुसारका तालिम संचालन गरिनेछ।

(८) संस्थामा कार्यरत कर्मचारीहरुलाई समय सापेक्ष तालिम तथा पारिश्रमि उपलब्ध गराउँदै लगिनेछ। साथै कर्मचारीहरुको कार्य सम्पादन मूल्या गरी पुरस्कार र दण्ड व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।

(९) संस्था र शेयर सदस्यहरु बिच सुमधुर सम्बन्ध कायम राख्न र आफ्न अनुभव आदान प्रदान जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।

(१०) संस्थाका शेयर सदस्यता बृद्धि रणनितीक योजना अनुसार गरिनेछ।

(११) समयानुकुल संस्था र शेयर सदस्यको हित हुने कार्यहरु संचालन ग लगिनेछ।

(१२) शेयर सदस्यहरुलाई ऋण माग फाराम दर्ता भएको प्राथमिकताका आधार ऋण लगानी गरि समयमा ऋणको किस्ता र ब्याज बुझाउने से सदस्यलाई पाकेको ब्याजको १० प्रतिशत छुट दिने व्यवस्थालाई कायम राखिएकोछ ।

(१३) बचत जमानी तथा धितो जमानीमा ऋण लगानी गर्ने नीतिलाई यथाव राखी धितो जमानीमा अधिकतम पन्ध्र लाख सम्म (तीन बर्ष) सम्मक लागी गरिनेछ।

(१४) संस्थामा गठित ऋण तथा धितो मुल्याङ्कन उपसमितिका संयोजक त सदस्यहरुले बैठक बसी ऋण लगानीको सिफारिस गरेपछि मात्र ऋ लगानी गरिने भएको हुंदा उक्त समितिको बैठक कम्तीमा महिनाको ए पटक बस्ने र धितो मुल्याङ्कन र ऋणको पारिश्रमिक प्रति सदस्य रु. २० का दरले उपलब्ध गराउने व्यवस्थालाई यथावत कायम गरिएको छ।

(१५) नियमानुसारको दशाँस शेयर अनिवार्य जम्मा गर्नु पर्ने व्यवस्थाल निरन्तरता दिइनेछ।

(१६) संस्थाका उत्कृष्ठ मासिक बचत कर्ता १ जना, दैनिक बचत कर्ता जना,कम उमेरको नियमीत बाल बचत कर्ता १ जना र नियमित रुप बढी बचत गर्ने बाल बचत कर्ता १ जना, उत्कृष्ठ ऋणी सेयर सदस्य

जना, उत्कृष्ठ कर्मचारी १ जनालाई सम्मान तथा पुरस्कृत वार्षिक साधारण सभामा गरिनेछ ।

(१७) सस्थाका शेयर सदस्यका छोरा छोरीहरुलाई सामुदायिक तथा निजी विद्यालयवाट **SEE** परिक्षामा सर्वोत्कृट अंक ल्याउने १/१ जना छात्रा/ छात्र गरि ४ जनालाई जनही रु ५०००। दरले प्रशंसा पत्र सहित सम्मान वार्षिक साधारण सभामा गरिनेछ ।

(१८) संस्थाका महिला शेयर सदस्य सुत्केरी भएमा वढीमा २ बच्चा सम्मलाई नवजात शिशुको पोषणको लागि एकमुष्ठ रु १८००। उपलव्ध गराइ नवजात शिशुको नाममा रु २००। बाल बचत खाता खोलि दिने नीतिलाई निरन्तरता दिदैं यथावत राखिएकोछ ।

(१९) घर जग्गा खरिद कोष व्यवस्थापनको लागि शेयर सदस्यता स्वीकृत भएको वखत रु ५००। लिइ घर जग्गा कोषमा जम्मा गरिनेछ ।

(२०) समय सापेक्ष सहकारी श्रेस्ता प्रणालीलाई व्यवस्थित गर्न सहकारीको सफ्टवेयर खरिद गरि श्रेस्ता प्रणालीलाई व्यवस्थित गरिनेछ ।

(२१) कर्मचारी हितकोषलाई बृद्धि गर्दै लगिने छ ।

(२२) आवश्यकता अनुसार अध्ययन-अवलोकन भ्रमण गरिने छ ।

(२३) संचालक समितिको सेबा सुबिधा बिगत को निर्णय अनुसार कार्यान्वयन गरिनेछ ।

**आदरणीय शेयर सदस्य महानुभावहरु ,**

सहकारीको मुल्य मान्यता र सिद्धान्तलाई मध्य नजर गर्दै आगामी बर्षको बार्षिक कार्य योजना निम्न अनुसार प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**संस्थाको आ.व.२०७६/०७७ बार्षिक कार्ययोजना**

| सि. नं | कार्यक्रम | कहिले गर्ने | परिमाण | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | सदस्यता बृद्धि | बर्ष भरि निरन्तर | ३१८ जना बार्षिक | संस्थाको कार्य क्षेत्र भित्र | संचालक समिति,लेखा समिती,उप समितीहरु, कर्मचारीहरु,सेयर सदस्य |
| २ | घर दैलो तथा सुचना प्रवाह कार्यक्रम | आवश्यकता अनुसार | मासिक कम्तीमा ३० पटक | सम्वन्धीत ऋणीलाई प्रत्यक्ष भेटघाट तथा टेलिफोन,पत्रा चार | संचालक समिति,लेखा समिती,उप समितीहरु, कर्मचारीहरु,सेयर सदस्य |

| सि.नं | कार्यक्रम | कहिले गर्ने | परिमाण | स्थान | जिम्मेवारी |
| --- | --- | --- | --- | --- | --- |
| ३ | संचालक समितिको बैठक | मासिक | १ पटक | संस्थाको कार्यालय | संचालक समिती र व्यवस्थापक |
| ४ | धितो मुल्याङ्कन तथा ऋण समीतीको बैठक | आवश्यकता अनुसार | मासिक ३ पटक | संस्थाको कार्यालय | उप समितिका सदस्यहरु |
| ५ | लेखा सुपरिवेक्षण समितिको बैठक | त्रैमासिक | बार्षिक ४ पटक | संस्थाको कार्यालय | लेखा सुपरिवेक्षण समिति, व्यवस्थापक |
| ६ | सेयर सदस्यहरुको भेला तथा छलफल | उपर्युक्त समयमा | बार्षिक ३ पटक | संस्थाको कार्यालय वा तोकेको स्थान | संचालक समिति र कर्मचारीहरु, सेयर सदस्य |
| ७ | ब्याज बितरण | अर्धबार्षिक बार्षिक | २ र१ पटक | संस्थाको कार्यालय | संचालक समिति र व्यवस्थापक |
| ८ | आन्तरीक लेखा परिक्षण | अर्धबार्षिक | २ पटक | संस्थाको कार्यालय | लेखा सुपरिवेक्षण समिति व्यवस्थापक |
| ९ | अन्तिम लेखा परिक्षण | भाद्र मसान्त भित्र | १ पटक | संस्थाको कार्यालय | दर्तावाला लेखा परिक्षक |
| १० | बार्षिक साधारण सभा | पौष मसान्त भित्र | १ पटक | सभा हल | संचालक समिति, कर्मचारीहरु र शेयर सदस्यहरु |
| ११ | सम्मान तथा पुरस्कार वितरण | बार्षिक साधारण सभाको अवसरमा | १ पटक | सभा हल | संचालक समिति र कर्मचारी |
| १२ | राहात तथा सामाजिक सेवाका कार्यहरु | आवश्यक समयमा | घटना अनुसार | तोकिएको स्थान | संचालक समिती, कर्मचारी,शेयर सदस्य |
| १३ | बार्षिक प्रगति समिक्षा | श्रावण महिना | १ पटक | संस्थाको कार्यालय | व्यवस्थापक, संचालक समिति, कर्मचारीहरु |

| सि. नं | कार्यक्रम | कहिले गर्ने | परिमाण | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १४ | उत्कृष्ठ सहकारी अवलोकन भ्रमण | उपर्युक्त समयमा | १ पटक,वढी मा २० जना | ताप्लेजुङ्ग | संचालक समिति,लेखा समिती,उप समितीहरु, कर्मचारीहरु,सेयर सदस्य |
| १५ | तालिम तथा गोष्ठी | सरोकारवाला निकायवाट संचालन भएमा | ४ वटा | तोकिए अनुसार | संचालक समिति,लेखा समिती,उप समितीहरु, कर्मचारीहरु,सेयर सदस्य |
| १६ | प्रत्येक दिन प्रथम सेवाग्राही तथा मासिक सदस्यता बृद्धिमा योगदान | दैनिक र मासिक | ३०० र १२ पटक | संस्थाको कार्यालय | संचालक समिति, कर्मचारी र शेयर सदस्य |
| १७ | सदस्य सन्तुष्टी सर्वेक्षण | उपर्युक्त समयमा | १० पटक | संस्थाको कार्य क्षेत्र भित्र | कर्मचारी |

**आदरणीय उपस्थित मान्यजन तथा शेयर सदस्य महानुभावहरु ,**

यस संस्थाको विनियम तथा निर्देशिकामा नेपाल सरकारले जारी गरेको सहकारी ऐन २०७४ संस्थाको रणनितीक तथा व्यवसायिक योजना अनुसार शंसोधन गर्न वान्छनिय भएकोले निम्न शंसोधन प्रस्ताव पेश गरेकोछु ।

**विनियम २०५२,निर्देशिका २०६१ र आर्थिक तथा प्रशासनिक निर्देशिका २०७१ का शंसोधन प्रस्तावहरु**

सुनगाभा बचत तथा ऋण सहकारी संस्थाको सत्रौ बार्षिक साधारण सभामा प्रस्तुत बिनियम २०५२ र संस्था संचालन निंदेशीका २०६१,आर्थिक तथा प्रशासनिक निर्देशिका २०७१ का तपशिलका दफा तथा परिच्छेद संसोधन प्रस्ताव पेश गरेको छु ।

## तपशिलः

### विनियम २०५२ को परिच्छेद १० दफा ५५ कोषको व्यवस्था र निर्देशिका २०६१ को परिच्छेद ६ को ६.१ मा भएको कोषको व्यवस्था :

*विनियममा र निर्देशिका दुबैमा परिमार्जन गर्नुपर्ने*

(क) कर्मचारी बोनस कोषमा साबिक ५ प्रतिशत भएकोमा हाल ७ प्रतिशत संशोधन गर्नु पर्ने ।

(ख) सहकारी प्रबर्द्धन कोष ०.५ प्रतिशतको कोष विनियममा थप गर्नुपर्ने ।

(ग) संस्था बिकास कोषमा साबिक ५ प्रतिशत भएकोमा हाल ४.५ प्रतिशत विनियममा संशोधन गर्नु पर्ने ॥

(घ) सहकारी नियमावलीको परिच्छेद ६ र सहकारी ऐनको दफा १०३ बमोजिम साधारण सभाले अनुमोदन गरेको स्थीरिकरण कोषमा कम्तिमा ५ प्रतिशत छुट्याउनु पर्ने भन्ने बाक्यांश विनियममा थप गर्नुपर्ने ।

### बिनियम २०५२ को परिच्छेद ३

### सदस्यता

९ **प्रबेश शुल्कः** बिनियममा प्रवेश शुल्क साबिक रु.१००। भएको तर निर्देशिका परिच्छेद (२) को २.४ सदस्यता शुल्क रु.१५१। भएकोमा सो लाई संशोधन गरी विनियम अनुसार रु .१००। प्रबेश शुल्क लिईने छ र संस्थाको घर जग्गा खरिदको लागि थप रु ५००। घर जग्गा कोष बापत लिईने छ भन्ने वाक्यांस थप गर्ने ।

### निर्देशिका २०६१ को परिच्छेद ७

**८,धितो लिलाम सम्बन्धि ब्यवस्था**

(२) निज ऋणी ब्यक्ति वा परिवारलाई सुचना बुझाउनु पर्नेछ । कारणबश सुचना नबुझेमा घर दलानमा सुचना टाँस गरि मुचुल्का गर्नुपर्नेछ भन्ने बाक्याँश निर्देशिका २०६१ मा थप गर्नुपर्ने ।

(६) लिलाम बिक्री गर्दा जाय जेथाले नथामे वा नपुगेमा निजको अन्य चल अचल सम्पत्ति वा निजको एकाघर परिवारका ब्यक्तिको नाममा भएको चल अचल सम्पत्तिबाट असुल उपर गरीनेछ भन्ने बाक्याँश निर्देशिका २०६१ मा थप गर्नुपर्ने ।

(८) क. र समयमा रकम नबुझाएमा धरौटी रकम जफत हुनेछ भन्ने वाक्याँश निर्देशिका २०६१ मा थप गर्नुपर्ने ।

(९) संस्थाका कर्मचारीहरुले नियुक्ति पाउनु अगावै न्युनतम् मुल्यांकन् रु. ५०००००। अक्षरेपी पाँचलाख भन्दा माथिको चल अचल सम्पत्ति धितो रोक्का गर्नु पर्ने छ र आफ्नो नाममा चल अचल सम्पत्ति नभएमा एकाघर परिवारको नाममा भएको चल अचल सम्पत्ति धितो जमानी वापत रोक्का गर्नु पर्ने छ र सो पनि नभएमा प्रतिष्ठित ब्यक्ति वा संस्थाका संचालकहरु मध्येको जमानी लिएर मात्र नियुक्ती गर्ने भन्ने वाक्यांश थप गर्ने र हाल कार्यरत कर्मचारीको हकमा सबै साधारणसभावाट पास भएको मितिले १ महिना भित्रमा माथि उल्लेख भए अनुसार गर्नुपर्ने छ । उक्त अनुसार नभएमा संस्था नियुक्ति पत्र दिन वाध्यहुने छैन ।

**१, (ख) कर्मचारीको मासिक तलब स्केल**

१, व्यवस्थापक :साबिक न्युनतम रु.१०,०००। देखि अधिकतम रु.२०,०००। सम्म भएकोमा आगामी दिनमा संस्था र कर्मचारी बिच आपसी समझदारी भए अनुसार तय हुनेछ भन्ने बाक्याँश संशोधन गर्नुपर्ने ।

२, सहब्यवस्थापक/लेखापाल : साबिक न्युनतम रु. ७,०००। देखि अधिकतम रु.१४,०००। सम्म भएकोमा आगामी दिनमा संस्था र कर्मचारी बिच आपसी समझदारी भए अनुसार तय हुनेछ भन्ने बाक्याँश संशोधन गर्नुपर्ने ।

३, वजार प्रतिनिधी/रकम संकलक : साबिक न्युनतम रु. ५,०००। देखि अधिकतम रु. १०,०००। सम्म भएकोमा आगामी दिनमा संस्था र कर्मचारी बिच आपसी समझदारी भए अनुसार तय हुनेछ भन्ने बाक्याँश संसोधन गर्नुपर्ने ।

**१ (ग) कर्मचारीको ग्रेड तथा अन्य सुबिधा**

स्थायी नियुक्ति पाएका (करार सेवा बाहेकका) कर्मचारीहरुको सेवा अवधी आषाढ मसान्तमा एक बर्ष पुरा भए पछि प्रत्येक बर्षको श्रावण १ गते देखि रु १००। ग्रेड पाउने छन् । नोकरी अवधी भरमा अधिकतम २० ग्रेड सम्म हुनेछ भन्ने बाक्याँशलाई परिबर्तन गरि हाल संशोधन भएको ग्रेड रकमलाई लागु गरि ब्यवस्थापकको हकमा रु.१०००। लेखापालको हकमा रु.७००। र वजार प्रतिनिधी/रकम संकलको हकमा रु.५००। र सेवा अवधी भरमा अधिकतम १० ग्रेड सम्म मात्र पाउने बुंदा संशोधन गर्नुपर्ने ।

**बिनियम २०५२ को परिच्छेद ५ १९ बचत निक्षेपका प्रकार र निर्देशिका २०६१ को परिच्छेद २ को २.६ र २.७ लाई निम्न अनुसार थप गरिएको छ ।**

| बचतको प्रकार | न्युनतम बचत अवधी | न्यूनतम रकम | बार्षिक ब्याज दर | कैफियत |
|---|---|---|---|---|
| मासिक बचत | मासिक | ५००। | ९ प्रतिशत | सामान्यतय ६।६ महिनामा झिक्न सकिने |
| दैनिक बचत | दैनिक | २० देखि माथि | ७ प्रतिशत | सामान्यतया ३।३ महिनामा झिक्न सकिने |
| जेष्ठ नागरिक बचत | ऐच्छिक | ऐच्छिक | १० प्रतिशत | चाहिएको बेला झिक्न सकिने |
| ऐच्छिक बचत | ऐच्छिक | ऐच्छिक | ८ प्रतिशत | जुनसुकै बेला झिक्न सकिने |
| बाल बचत | १६ बर्ष | ऐच्छिक | उमेर अनुसार १० देखि १२ प्रतिशत सम्म | उमेर पुराभए पछि झिक्न सकिने |

| बचतको प्रकार | न्युनतम बचत अवधी | न्यूनतम रकम | बार्षिक ब्याज दर | कैफियत |
|---|---|---|---|---|
| कर्मचारी बचत खाता | कार्यरत अबधि | तलव मानको २० प्रतिशत | १० प्रतिशत | अवकाश भए पछि झिक्न सकिने |
| आवधिक बचत | एक बर्षे | ५००००। | १० प्रतिशत | अवधी समाप्त भए पश्चात झिक्न सकिने |
| आवधिक बचत | दुई बर्षे | १०००००। | १०।५० प्रतिशत | अवधी समाप्त भए पश्चात झिक्न सकिने |
| आवधिक बचत | तीन बर्षे | २०००००। | ११ प्रतिशत | अवधी समाप्त भए पश्चात झिक्न सकिने |
| चाडपर्ब बचत | चाडपर्वको बेला झिक्न सकिने | ५०० वा सो भन्दा माथि | ७ प्रतिशत | जुनसुकै बेला बचत जम्मा गर्न सकिने |
| भ्रमण बचत | भ्रमण गर्ने बेला आवश्यकता अनुसार झिक्न सकिने | ५०० वा सो भन्दा माथि | ७ प्रतिशत | जुनसुकै बेला बचत जम्मा गर्न सकिने |
| बिषेश बचत | बिशेस अवस्थामा झिक्न सकिने | ५०० वा सो भन्दा माथि | १० प्रतिशत | जुनसुकै बेला बचत जम्मा गर्न सकिने |
| शैक्षिक बचत | उच्च अध्ययनको बेला झिक्न सकिने | ५०० वा सो भन्दा माथि | ८ प्रतिशत | जुनसुकै बेला बचत जम्मा गर्न सकिने |
| सुनगाभा सुनौलो भबिश्य बचत | ५ बर्ष सम्म राख्नु पर्ने | ५०० वा सो भन्दा माथि | १० प्रतिशत | जुनसुकै बेला बचत जम्मा गर्न सकिने |
| स्वास्थ्य उपचार बचत | उपचार गर्नुपर्ने अवस्थामा झिक्न सकिने | ५०० वा सो भन्दा माथि | ७ प्रतिशत | जुनसुकै बेला बचत जम्मा गर्न सकिने |
| घरायसी उपकरण खरिद बचत | आवस्यकता अनुसार झिक्न सकिने | ५०० वा सो भन्दा माथि | ७ प्रतिशत | जुनसुकै बेला बचत जम्मा गर्न सकिने |

विनियमको परिच्छेद ६ को २२,२३,२४र २६ र निर्देशिका २०६१ को परिच्छेद ४को ४.१ ऋण निति लाई संशोधन गरि
निम्न अनुसार कायम गर्नु पर्ने ।

**ऋणका प्रकारहरु र तिनमा लिईने ब्याजदर**

(क) कृषि तथा पशुपालन ऋणमा १४ प्रतिशत ब्याजदर
(ख) महिला उद्यमशिलता बिकास १२ प्रतिशत ब्याज दर
(ग) हायर पर्चेज ऋणमा १५ प्रतिशत ब्याज दर
(घ) आकस्मिक ऋणमा १२ प्रतिशत ब्याज दर
(ङ) स्वास्थ्य उपचार ऋणमा १४ प्रतिशत ब्याज दर
(च) ब्यापारिक ऋणमा १५ प्रतिशत ब्याज दर
(छ) घर जग्गा खरिद बिक्री ऋणमा १५ प्रतिशत ब्याज दर
(ज) सामाजिक ऋणमा १५ प्रतिशत ब्याज दर

**विनियम २०५२ को दफा ५३ परिच्छेद १०**

**५३ कोषको ब्यवस्था अन्तर्गत**

१ को (ख) श्री ५ को सरकारबाट वा गैर सहकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम भएको ठाँउमा श्री ५ को सरकारबाट हटाई नेपाल सरकारबाट र गैर सहकारी संघ संस्था भएकोमा गैर सरकारी संघ संस्था र सहकारी तथा वित्तिय संस्थाबाट, र ब्यक्तिबाट प्राप्त अनुदान रकम उल्लेख गर्नुपर्ने ।

**बिनियम २०५२ को परिच्छेद १२ बिबिध को**

**७१** दफा थप गर्ने कुनै पनि बिमा कम्पनि तथा बित्तिय संस्था संग सम्झौता गरि शेयर सदस्यको ब्यत्तिगत ,ऋण लगानी र ब्यवसायको बिमा संस्थाले गर्न सक्नेछ र साथै बिमा बापत लाग्ने सम्पुर्ण रकम शेयर सदस्यले नै ब्यहोर्नु पर्नेछ । सो बापत प्राप्त हुने कमिशन रकम संस्थाको आम्दानी हुनेछ ।

**आदरणीय उपस्थित मान्यजन तथा शेयर सदस्य महानुभावहरु ,**

हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नु भइ यस गरिमामय सभालाई हौसला दिनु हुने उपस्थित शेयर सस्दस्य महानुभावहरुमा प्रस्तुत प्रतिवेदनलाई गहन अध्ययन मनन गरि राय सुझाव भए राय सुझाव सहित अनुमोदन गरि दिन हुन साथै संस्थाको चार बर्षे रणनीतिक योजना निमार्ण कार्यमा प्रमुख भुमिका सहित सहजिकरण गरि संस्थालाई योगदान गर्नुहुने कोषाध्यक्ष गोपाल पौडेल , जनचाहना बचत तथा ऋण सहकारी संस्थाका सहजकर्ता टंक मच्कोटी र संस्थाका सम्पुर्ण संचालक,कर्मचारी समेतलाई हार्दिक धन्यवाद दिदैं यस सम्मानित सभा समक्ष जानकारी गराउंदछु ।

**जय सहकारी**

मिति २०७६ साल मंसिर २१ गते शनिवार
ईश्वरकुमार सुबेदी
अध्यक्ष
सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड इलाम

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.इलामको
# सत्रौं बार्षिक साधारण सभामा सचिबद्वारा प्रस्तुत
# प्रतिवेदन ०७६ मंसिर २१

**सभाका सभाध्यक्ष ज्यू**

संचालक समितिका मित्रहरु,लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु धितो मुल्याँकन उप समितिका पदाधिकारी,ऋण उप समितिका पदाधिकारी,शिक्षा उप समितिका पदाधिकारी,महिला उधमशिलता बिकास उप समितिका पदाधिकारी तथा उपस्थित सम्पुर्ण शेयर सदस्य ज्यूहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहान्छु । सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड इलामको यस सम्मानित सत्रौं बार्षिक साधारण सभामा संस्थाको संस्थागत गतिविधि प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**शेयर सदस्य महानुभाव**

संस्थाका अध्यक्षज्यू बाट निती तथा कार्यक्रम प्रस्तुत भैसकेको छ भने संस्थाका कोषाध्यक्षज्यू बाट आ.व. ०७५।०७६ को आय ब्यय तथा आ.व. ०७६।०७७ को अनुमानित बजेट प्रस्तुत गर्नुहुने नै छ अब संस्थागत गतिबिधीहरु पेश गर्न चाहन्छु ।

**१ संस्थामा रहेको सदस्यता संख्या : ९९८ जना**

- महिला : ५३२ जना
- पुरुष : ४६५ जना
- संस्था : १ वटा

**२ सदस्य राहात बितरण कार्यक्रम अन्तर्गत हाल सम्म राहात पाउने मृतक सदस्यहरु**

- निजता मल्ल कट्टेल
- पूर्ण ब. त्रिखत्री
- छबिलाल बि.क.
- सुबास शाह मोदी
- अजितकुमार बुडाथोकी

**३ सम्मान कार्यक्रम अन्तर्गत हाल सम्म सम्मानित शेयर सदस्यहरु**

- बिजय राई,मन्जु चापागाँई ,कृष्ण शिवा,सुबास शाह मोदी,कृष्ण प्र घिमिरे,कृष्ण प्र. श्रेष्ठ ,सुनगाभा बिकास संस्था,लिलामाया धापा ,कौशिला राई,रुपिणा राई,प्रेमब. खत्री सुबेदी,सुरेन सुबेदी,सिता भण्डारी,एस.बि.लिम्बु ,हरि कटुवाल ,पबिमाया गुरुङ्ग ,चुडामणी सापकोटा ,महालक्ष्मी राजलवट,टेक बहादुर श्रेष्ठ ,सोमनाथ अधिकारी ,देबी कार्की ,युसामा देवान,महेन्द्रकुमारी कटुवाल,देबीकुमारी लिम्बु राई,सुमन दाश,जोलिस राजलवट

**४ प्रबेशीका परिक्षा छात्रबृत्ति कार्यक्रम अन्तर्गत सम्मानित छात्र ,छात्राहरु**

- युरिका सुबेदी

- बिबेक कोईराला
- सर्बसा काफ्ले
- बिन्दु भण्डारी
- तान्छोक थाम्सुहाङ्ग
- सिसम सिं
- संकल्प कोइराला
- निरोज भण्डारी
- दिया थापा

**५ कर्मचारी सम्मान कार्यक्रम अन्तर्गत सम्मानित कर्मचारीहरु**

- रिता घिमिरे थापा
- सुरेश सापकोटा
- फुलकुमारी प्रधान
- भुवन सुबेदी
- कृष्णकुमार कार्की

६ संस्थागत बडापत्र निर्माण गरी संस्थाको कार्यालयमा राखि सो अनुसार सेवा सुबिधा उपलब्ध गराउदै आएको छ ।

७ चार बर्षे रणनितिक योजना अनुसार बचतका प्रकारहरु थप गरिएको छ भने ऋणमा समेत बिबिधीकरण गरिएको छ ।

८ **IME,** प्रभु मनि ट्रान्सफर,वेर्स्टन मनि ट्रान्सफर को सेवा संचालनमा ल्याई शेयर सदस्यहरुलाई थप सेवा सुबिधाहरु उपलब्ध गराउदै आएको छ ।

**९ शेयर सदस्यता बृद्धि**

आ.ब.०७५।०७६ मा सदस्यता बृद्धि गर्ने क्रममा संस्थाको रणनितिक ४ बर्षे योजना अनुसार नै सदस्यता बिस्तार गरिदै लगिनेछ ।

**शेयर सदस्य मित्रहरु**

- सहकारीको पाँचौं सिद्धान्त तालिम र सूचना बमोजिम समिति, उपसमिति, कर्मचारी,शेयर सदस्यहरुलाई प्राथमिकताको आधारमा प्रशिक्षण अन्तर्गत व्यवसाय अभिबृद्धि तालिम १ दिने र बेमौसमी तरकारी खेति सम्बन्धि १ दिने तालिम सम्पन्न गरियो । साथै सहकारी सम्बन्धी सूचना आवश्यक हुने हुंदा सहकारी संघ संस्थाले आयोजना गर्ने तालिम,गोष्ठीमा सहभागिता जनाउँदै आएको छ ।
- संस्थाको बार्षिक योजना अनुरुप यस बर्ष उत्कृष्ठ सहकारीहरु मध्ये प्रदेश नं १ अन्तर्गत पर्ने बिभिन्न ४ वटा सहकारीमा अवलोकन भ्रमण सम्पन्न गरि सो भ्रमणबाट सिकेका, देखेका नमुना योग्य कार्यक्रमहरुलाई यस संस्थामा पनि समाबेश गर्ने उद्धेश्यका साथ यस संस्थाका कोषाध्यक्षको बिषेश अगुवाइ तथा

प्रमुख सहजीकरण र जनचाहना सहकारीका व्यवस्थापक टंक मच्कोटीको सह-सहजीकरणमा यस सहकारी संस्थालाई जिल्लाकै ब्यबस्थित र नमुना सहकारीको रुपमा स्थापित गर्ने उद्धेश्य राखि संस्थाको चार बर्षे रणनितीक योजना संस्थाका संचालक समिति,लेखा सुपरिबेक्षण समिति,अन्य उप समितिका पदाधिकारी तथा सदस्य,शेयर सदस्यहरु मध्येबाट ४ जना र संस्थामा कार्यरत सबै कर्मचारीहरुको सहभागितामा मिति ०७६ आषाढ ६,७ र ८ गते सम्पन्न गरि ०७६ श्रावण १ गते देखि सोही योजना अनुसार कार्यक्रम लागु भएको साथै संस्थागत गतिविधीहरुलाई प्रवर्धन गर्न संस्थागत ब्रोसर समेत तयार भएको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराईन्छ।

- संस्थाले सहकारी ऐन ०७४ को अधिनमा रही तयार पारेका मानव संसाधन नीति र निर्वाचन नीति ०७६ लाई कार्यान्वयनको लागि संचालक समितिबाट निर्णय गरि यस सभामा अनुमोदनका लागि प्रस्ताव पेश गरिएको छ
- संस्थालाई प्रबिधी मैत्री बनाउदै लैजानु आजको आबश्यकतालाई नकार्न सकिदैन तसर्थ संस्थाको आर्थिक कारोबार तथा अन्य गतिबीधिहरुलाई ब्यबस्थित बनाउनको लागि सफ्ट्वेयर मार्फत कारोबार संचालनको काम अन्तिम चरणमा रहेको ब्यहोरा समेत यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु।
- संस्थाले हाल गर्दै आएको कार्यहरुलाई निरन्तरता दिदैं आगामी दिनमा थप सेवा सुबिधामा बिस्तार गर्दै जाने लक्ष्य राखिएको छ। संस्थाले प्रबिधीलाई अनुसरण गर्ने क्रममा यस आ.व. देखि संस्थामा सफ्टवेयर प्रबिधीबाट संस्थागत कारोवार संचालनमा ल्याउने तयारी भईरहेको छ।

**शेयर सदस्य महानुभावहरु**

संस्थाले निरन्तर सफलता हासिल गर्दै जानुमा तपाई सम्पूर्ण शेयर सदस्यहरुको महत्वपूर्ण योगदान रहेको निर्विवाद छ। संस्थाको उन्नती र प्रगतिमा यहाँहरुबाट सदा सर्बदा यसरी नै अबिछिन्न रुपमा सहयोग,सल्लाह र सुझाव पाई रहने अपेक्षा राखेको छु।

अन्तमा सत्रौं बार्षिक साधारण सभामा संस्थाले तयार गरेको योजना जिम्मेवारीका साथ बहन गर्ने तर्फ हामी सबै शेयर सदस्यहरुको समेत सहयोग आवश्यक भएको हुदां यहाँहरुको सहयोग सद्भावको अपेक्षा सहित पाल्नुहुने शेयर सदस्य महानुभावहरुमा पुन : स्वागत गर्दै मैले प्रस्तुत गरेको प्रतिवेदन यस सम्मानित हलबाट ब्यापक छलफल गरि सल्लाह सुझाव सहित पारित गरिदिनुहुन समेत अनुरोध गर्दै बिदा चाहान्छु ।

**धन्यवाद**

**जय सहकारी**

०७६ मंसिर २१ गते शनिबार

नरेन्द्र खड्का

सचिब

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.इलाम

**"नियमित बचत गर्ने बानी बसालौं"**

## आर्थिक वर्ष २०७५/०७६ को संक्षिप्त आर्थिक विवरण

## तथा

## आर्थिक वर्ष २०७६/०७७ का लागि प्रस्तावित वित्तिय लक्ष्य तथा बजेट ।

यस १७ औं साधारण सभाका अध्यक्ष महोदय,प्रेरणादायी व्यक्तित्वज्यूहरु,सेयर सदस्यज्यूहरु,विभिन्न संघ संस्थावाट उपस्थित हुनुभएका प्रतिनिधिज्यूहरु, सञ्चालक समिति,लेखा सुपरिवेक्षण समिति,अन्य उप-समितिका सहकर्मी साथीहरु,पत्रकार मित्रहरु,कर्मचारी साथीहरु र शुभ-चिन्तक महानुभावहरु ।

**संस्थागत सन्दर्भ:**

यस सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. इलामको १७ औं वार्षिक साधारण सभामा कोषाध्यक्षको तर्फबाट गत आ.व.२०७५/०७६ को आर्थिक विवरण तथा चालु आ.व. २०७६/०७७ का लागि प्रस्तावित वार्षिक लक्ष्य तथा बजेट प्रस्तुत गर्न पाउँदा निकै खुसी लागेको छ ।

स्थानिय स्तरमा छरिएर रहेको स-सानो पूँजीलाई बचतको माध्यमबाट एकीकृत गरी त्यसैको परिचालनबाट संस्थामा संलग्न सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर माथि उकास्दै आत्मनिर्भरता बढाउने अभिप्रायले विक्रम सम्बत् २०५२ साल वाट यस संस्थाले बचत तथा ऋण परिचालनको कार्य शुभारम्भ गरेको हो । यस संस्थाले २४ औं बसन्त पार गर्दा संस्था स्थापना पश्चात केहि समय निष्कृय भएता पनि वि.स.२०६१ सालबाट पुन: वित्तिय कारोबारमा सक्रिय भई यस १७ औं साधारणसभाको प्रतिवेदन तयार गर्दा अर्थात् २०७६ आषाढ मसान्त सम्म सेयर पूँजी र अन्य कोषहरुको गणना गर्दा शेरय पूँजी १ करोड १४ लाख ९८ हजार ३ सय रुपयाँ र ४५ लाख ३५ हजार १ सय सैतिस भन्दा बढी पूँजी कोष निर्माण गरिसकेको छ भने ऋण लगानीको कुल गणना गर्दा ४ करोड ६० लाख २ हजार २ सय पैतालिस रुपयाँ भन्दा बढी ऋण लगानी गर्न सफल भएको छ ।

**संक्षिप्त परिवेश विश्लेषण:**

सहकारी संस्था सञ्चालन र नियमनको सन्दर्भमा परिवर्तित संघीय संरचना अनुसार नीतिगत केहि अन्यौलता कायम रहेको छ तथापि वित्तीय योजना र कार्यान्वयनको नयाँ प्रयास एवं नीतिगत स्पष्टताका कारण हामीले निर्धारित धेरै आर्थिक उपलब्धि हासिल गर्न सक्षम भएका छौं । प्रस्तुत कथनलाई वित्तीय विवरणहरुले पुष्टि गरेको कुरा निवेदन गर्न चाहन्छु ।

समय व्यतीत हुँदै जाँदा अर्थतन्त्रमा विभिन्न संरचनात्मक परिवर्तनहरु हुँदै जान्छन् । कतिपय पुराना नीति-नियम हराएर जान्छन् भने कतिपय नयाँ आगमन हुने हुन्छ । परिवर्तित सन्दर्भमा आफ्ना नीति नियमलाई रुपान्तरण गर्दै लैजानु पर्नेमा हामी सचेत छौं ।

समावेशी आर्थिक बृद्धि तथा विकासका लागि राष्ट्रिय एवम् अन्तराष्ट्रिय स्तरमा भएका विभिन्न प्रयासका बाबजुद विश्वको जनसंख्याको ठूलो हिस्सा अझै गरिबीको रेखामुनि तथा वित्तीय पहुँचवाट बाहिर रहेको छ। नेपालमा विगत केही वर्ष यता अवलम्बन गरिएका नीतिगत प्रयासहरुका कारण वित्तीय पहुँचको विस्तार तथा गरिबी न्यूनीकरणमा सुधार हुँदै गएको छ । तथापि वित्तीय पहुँच विस्तारमा भने अपेक्षाकृत प्रगति हुन सकेको छैन । यसै पृष्ठभूमिमा हाम्रो जस्तो सहकारी संस्थाको सान्दर्भिकता अझ बढेर गएको अनुभव हामीले गरेका छौं । औपचारिक वित्तीय पहुँचले गरिबी न्यूनीकरणमा सकारात्मक भूमिका खेल्न सक्ने सैद्धान्तिक तथा अनुभवजन्य प्रमाणहरु रहेका छन् । यस मान्यताको आधारमा उल्लेखित उद्देश्यहरुमा अपेक्षित उपलब्धि हासिल गर्न सहकारीको अझ सशक्त प्रयत्नको खाँचो महसूस भएको छ । नेपालमा करिब ८३ प्रतिशत जनता ग्रामीण क्षेत्रमा बस्ने हुनाले गरिबीलाई नघटाई समग्र गरिबीलाई कम गर्न सम्भव छैन । जसका लागि सहकारी एक मात्र विकल्प रहेको छ ।

विगतको वर्षमा हामीले प्रस्ताव गरेका वित्तीय प्रक्षेपणहरुमध्ये धेरैले लक्ष्य हासिल गर्न सफल भएका छन् । विगतको तुलनामा संस्थाको वित्तीय संरचना सबल र सक्षम हुँदै गइरहेको पृष्ठभूमिमा रहेर गतवर्ष के-कति उपलब्धिहरु हासिल गर्न सकिए भन्ने बारेमा व्यापक छलफल र अध्ययनपश्चात् आ.व.२०७५ आषाढ मसान्तलाई आधार वर्ष मानि आगामि आ.व.०७९/०८० सम्मलाई संस्थाद्वारा तयार गरिएको रणनितिक तथा ब्यवसायीक योजना संगै भर्खरै संस्थाका अध्यक्षज्यु र सचिवज्युद्धारा प्रस्तुत प्रस्तावित बार्षिक नीति तथा कार्यक्रमको अधीनमा रही गत आ.व.०७५/०७६ को आर्थिक समीक्षा तथा चालु आ.व.२०७६/०७७ का लागि वित्तीय लक्ष्य तथा बजेट लिएर तपाई समक्ष उपस्थित भएको छु । गत आ.व.०७५/०७६ मा हासिल गरेका उपलब्धिहरुलाई सदस्यज्यूहरुले सकारात्मक रुपमा ग्रहण गर्दै थप गतिशील काम गर्न प्रेरित गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

**आर्थिक प्रतिवेदन**

आर्थिक वर्ष ०७५/०७६ को अन्तसम्ममा कुल सम्पत्ति गत वर्षको तुलनामा १४।२४ प्रतिशतले बृद्धि भई रु ५ करोड ४९ लाख ८२ हजार ६ सय तिस भन्दा बढी पुगेको छ । आ.व.०७५/०७६ मा कुल आम्दानी रु. ६५ लाख ६४ हजार १ सय एक्कासि पैसा १५ र खर्च रु. ५२ लाख ३४ हजार ५ सय उन्नत्तीय पैसा ८३ खर्च भई यस वर्षको सञ्चालनमा अयकर र शेयर लाभांश अगाडि मुनाफा रु. १३ लाख २९ हजार ६ सय एकउन्न पैसा ३२ भएको छ । आ.व.०७५/०७६ को अन्त सम्ममा ९९८ जना जम्मा सेयर सदस्यहरुले १११५५३ कित्ता सेयर खरिद र रु.३ लाख ४३ हजार शेयर लाभाँस शेयर रकम मा नै थप गरिए पश्चातको कुल चुक्ता सेयर पूँजी रु. १ करोड १४ लाख ९८ हजार ३ सय पुगेको छ ।

**पूँजीगत खर्चतर्फः**

आर्थिक वर्ष ०७४/०७५ मा फर्निचर्स फिक्चर्स,कम्प्युटर तथा कार्यालय उपकरणतर्फ रु. १ लाख ३२ हजार ३ सय त्रियत्तर पैसा २८ भएकोमा आ.व.०७५/०७६ मा ब्याकप तथा अन्य उपकरण रु. १ लाख ६९ सत्तरी हजार २ सय अठाइस बराबरको थप गरि २०७६ आषाढ मसान्तसम्म संस्थाको खुद स्थिर सम्पत्ति रु. २ लाख ६८ हजार ५ सय सात रुपयाँ पैसा ९६ छ ।

**निक्षेप सङ्कलनतर्फः**

आर्थिक वर्ष ०७४/०७५ को अन्तसम्ममा कुल निक्षेप सङ्कलन रु. ३ करोड ३० लाख ८१ हजार ७ सय एकासी रुपयाँ पैसा ६१ थियो भने आ.व.०७५/०७६ मा उक्त रकममा करिब १४।४७ प्रतिशतले बृद्धि भई रु.३ करोड ८६.लाख ७८ हजार ६ सय साठी रुपयाँ पैसा ८९ पुगेको छ ।

**तरलतातर्फः**

आ.व.०७५/०७६ मा तरलताको स्थिति मासिक औसत अधिकत्म १३ प्रतिशत,आषाढ महिनामा र न्यूनतम १० प्रतिशत भाद्र महिनामा गरी वार्षिक औसत ११।५ प्रतिशत रह्यो । यसरी वर्षको अन्तमा अर्थात् आषाढ मसान्तमा तरलता कुल निक्षेपको ११।२३ प्रतिशत र कुल सम्पत्तिको १४ प्रतिशत कायम रहेको छ ।

**ऋण लगानी तथा असुलीतर्फः**

संस्था संचालनको प्रारम्भ देखि आर्थिक वर्ष ०७५/०७६ को अन्तसम्ममा संस्थाले १६९८ जना सदस्यलाई कुल रु.४ करोड ६० लाख २ हजार २ सय पैतालिस ऋण लगानी गरिसकेको छ । जसमध्ये आ.व.०७५/०७६ मा मात्र २२९ जना सदस्यहरुलाई रु. ८० लाख ७८ हजार ८ साय सैतीस ऋण लगानी गरिएको छ । ऋण असुलीतर्फ आ.व.०७५/०७६ मा रु. २ करोड ८६ लाख ५२ हजार ८ सय त्रिसठि ऋण असुली भएको छ ।

**राजश्वमा योगदान :**

यस सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.ले आ.व.०७५/०७६ मा विभिन्न शीर्षक अन्तर्गत आन्तरिक राजश्व कार्यालय भद्रपुर,झापा मातहतको करदाता सेवा कार्यलय इलाम र वहाल कर वापत इलाम नगरपालिकाको कार्यालय इलाममा तपशिल अनुसारका कर दाखिला गरेकोछ ।

| शीर्षक | रकम रु. |
|---|---|
| घर बहाल कर | ८,१६४ |
| आय कर | १,६५,५३१।३० |
| पारिश्रमिक कर | ४८,५१५ |
| सामाजिक सुरक्षा कर | ८,५९१ |
| ब्याज कर | ११५९६०।५० |
| जम्मा रु. | ३,४६,७६१।०८ |

**शेयर सदस्य महानुभावहरु**

यसै गरि आर्थिक वर्ष २०७५/०७६ को प्रतावित र यथार्थ आय तथा ब्यय हिसाब विवरणका साथै आगामि वर्ष ०७६/०७७ को प्रस्तावित आय-ब्यय हिसाब प्रस्तुत गर्ने अनुमति चाहान्छु।

आ.ब. ०७५।०७६ को प्रस्तावित,यथार्थ र आ.व.०७६।०७७ को लागि विनियोजित आय तथा ब्यय विवरण।

१.आम्दानी विवरण:।

| ब्याज तथा अन्य आम्दानी हिसाव विवरण | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| १क.बैंकको ब्याज | ३,५०,०००।०० | ३,२९,८२०।३१ | ४,००,०००।०० |
| १ख.ऋण लगानीको ब्याज | ५४,००,०००।०० | ५८१९४६८।०० | ७२,००,०००।०० |
| जम्मा ब्याज आम्दानी रु. | ५७,५०,००० | ६१,४९,२८८।३१ | ७६,००,०००।०० |
| अन्य आम्दानी | | | |
| क.रेमिट्यान्स र लगानिवाट | ६५,०००।०० | ४,६,९९४।८४ | ७०,०००।०० |
| ख.बिविध आम्दानी | ४,००,०००।०० | ३,६७,८९८।०० | ५,००,०००।०० |
| जम्मा अन्य आम्दानी रु. | ४,६५,००० | ४,१४,८९२।८४ | ५,७०,०००।०० |
| १.कूल ब्याज र अन्य आम्दानी रु. | ६२,१५,००० | ६५,६४,१८१।१५ | ८१,७०,०००।०० |

२.कार्यालय संचालन तथा प्रशासनिक खर्च:

| विवरण | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि बर्षको प्रस्तावित |
|---|---|---|---|
| तलव खर्च | ९५१०७२।०० | ९८६५११।०० | १२८२८००।०० |
| कर्मचारी हित कोष कर सहित | ४००००।०० | ०।०० | २००००।०० |
| मसलन्द | ८००००।०० | ७१६२३।०० | ७५०००।०० |
| घर भाडा | ८५०००।०० | ११६९२९।०० | १३२०००।०० |
| संचार,टेलीफोन | ३००००।०० | २३८००।०० | २५०००।०० |
| विधुत | ५०००।०० | ६९०४।०० | ७०००।०० |
| कार्यालय ब्यबस्थापन तथा आ.ले.प.खर्च | १००००।०० | ८०००।०० | १००००।०० |
| सरसफाइ | ४५०००।०० | २३२८०।०० | ०।०० |
| विविध (चिया, नास्ता, भैपरि,अतिथि सत्कार र परामर्श सेवा आदि ।) | ११५०००।०० | ९९१९८।०० | ११००००।०० |
| कार्यालय स्थानान्तरण | ०।०० | ४५६९०।०० | ०।०० |
| पोशाक खर्च | ०।०० | २००००।०० | २००००।०० |
